EWER नवौं (त्रैमासिक प्रतिवेदन)
चैत १९ देखि असार १६ सम्मका सूचनाको आधारमा तयार पारिएको

## १. पृष्ठभूमि

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्वका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ। नेपालका पाँच विकास क्षेत्र (पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल, मध्यमाञ्चल) एक-एक र मधेसमा थप एक गरी ६ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा यो प्रतिवेदन तयार पारिएको हो । २०७४ सालको चैत १९ देखि असार १६ सम्मका जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो। यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारीबारे विश्लेषण तथा चर्चा गरिएको छ।

## २. सारांश

- **सेवाग्राहीले छरितो सेवा पाउन नसकेका उदाहरण यस अवधिमा पनि प्रशस्तै भेटिएका छन्। स्थानीय तहमा भ्रष्टाचार र आर्थिक अनियमितताका घटनाहरु धेरै भएको पाइयो। सरकारको सुशासनप्रतिको प्रतिबद्धता यस्ता घटनाले निरन्तर कमजोर बनाएको पाइयो । यद्यपि भ्रष्टाचार र आर्थिक अनियमितताविरुद्ध कार्यवाही अघि बढाइएको समेत पाइएको छ।**
- **विद्यार्थी आन्दोलन र शिक्षक आन्दोलनका कारण शैक्षिक गतिविधि एवं पठनपाठनमा अवरोध आएको पाइयो भने उत्तरी भेगमा यार्सागुम्बा टिप्ने सिजन भएकाले समेत विद्यालय लामो समय बन्द भएको पाइयो।**
- **स्वास्थ्योपचार सुविधा जनताको पहुँचमा पुर्‍याउने राज्यको प्रयास भइरहे पनि अझै धेरै स्थानमा सेवाग्राही सामान्य औषधी र उपचार सुविधाबाट बञ्चित भएको पाइयो भने स्वास्थ्य क्षेत्रमा लापर्वाही र अनियमितताका उदाहरण पनि फेला परे ।**
- **यस अघिका प्रतिवेदनमा उल्लेख भएझैँ बालबालिका तथा महिलामाथि अझै पनि हिंसात्मक कार्यहरु भएको पाइएको छ। विशेष गरी महिला र बालिकाहरु यौनहिंसाबाट पीडित बनेको, बेचबिखनको शिकार भएको पाइयो ।कानुनले दण्डनीय माने पनि अझै व्यवहारमा छुवाछुत गर्ने, जातीय भेदभाव गर्ने प्रचलनले नेपाली समाजलाई रुढीग्रस्त पारेको उदाहरण यस अवधिमा पनि पाइयो। महिलालाई बोक्सीको आरोपमा यातना दिने अमानवीय कार्य यस अवधिमा पनि भेटियो।**
- **स्थानीय तहको निर्वाचनमा धेरैजसो दलहरुको उल्लेखनीय सहभागिता रहे पनि केही दलले आधारभूत असहमतिका कारण निर्वाचन बहिष्कार गर्ने अभियान चलाए। ती राजनीतिक दलहरुका कारण केही स्थानमा झडप, तोडफोड र विस्फोटका घटना भएको पाइयो।**
- **नेकपा माओवादी विप्लव समूहको निर्वाचनविरोधी गतिविधि आक्रामक र हिंसात्मक भएको र प्रहरीले पनि यस दलका कार्यकर्तालाई धरपकड गरेको पाइयो।**
- **निर्वाचनको गतिविधि बढ्दै गर्दा प्रतिस्पर्धी राजनीतिक दलहरुबीच झडपका गतिविधि पनि भएको पाइयो। धेरैजसो यस्ता घटनालाई प्रहरीको मध्यस्थतामा मेलमिलाप गरी टुङ्ग्याइएको पाइयो।**

- निर्वाचनका क्रममा उमेदवारीमा पक्षपात भएको, मतदानमा अन्तर्घात गरेको आदि आरोपमा पार्टीभित्रै कलह बढेको र केही अवस्थामा त्यो सतहमै देखा परेको पनि पाइयो।
- निर्वाचनमा दलहरुले आचारसंहिता उल्लंघन गरेका अनगिन्ती उदाहरण भेटिए। निर्वाचन आयोगले यसको प्रभावकारी अनुगमन गरी कारवाही गर्न नसकेको पाइयो।
- सिके राउत समूहले आफ्ना गतिविधि बढाइरहेको पाइएको छ र रुपन्देहीको एक घटनामा उनी विरुद्ध राज्य विप्लवको मुद्दा समेत दायर भएको छ।
- नयाँ संघीय संरचनापछि स्थानीय, प्रदेश र केन्द्रमध्ये प्राकृतिक स्रोतको पहुँच र राजस्वको बाँडफाँटमा कसको कति अधिकार हुने भन्नेबारे अन्योल भएको पाइयो। यसले गर्दा आगामी दिनमा विवाद निम्तिने अनुमान गरेको पाइयो।
- यसअघिकै प्रतिवेदनमा उल्लेख भएझैं बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण आयोगबाट उजुरी लिने काम मात्रै भएको र अरु देखिने गरी अन्य काम नभएकोले पीडित सर्वसाधारण आश्वस्त नभएको पाइयो।
- माओवादी सशस्त्र द्वन्द्वकालमा लुकाइएका गोली र बम अहिले फेला पर्दा सर्वसाधारणलाई त्रास भएको पाइयो ।
- सरकारले मधेश र थरुहट आन्दोलनलाई ‘राजनीतिक आन्दोलन’ भन्दै तीसँग जोडिएका विभिन्न घटनाका आरोपितहरुका विरुद्धका मुद्दा फिर्ता लिएको र यसको सर्वत्र विरोध भएको पाइयो।
- भूकम्प गएको दुई वर्ष बितिसके पनि पुनर्निर्माण सुस्त गतिमा बढेको पाइयो। पहिलो किस्ता बुझेका हजारौं घरधुरीले अझै दोस्रो किस्ता बुझ्न नपाएको पाइयो भने प्राविधिकहरु गाउँमा नबस्ने हुँदा पुनर्निमाणमा असुविधा भएको गुनासो पनि सुनियो।

## ३. सुशासन

**सेवाग्राहीले छरितो सेवा पाउन नसकेका उदाहरण यस अवधिमा पनि प्रशस्तै भेटिएका छन्।**

**यो अवधिमा आर्थिक वर्षको समापन हुन लागेको कारणले सरकारी बजेट खर्च गर्ने नाममा विकास निमार्णका कामहरु हतार हतारमार गुणस्तरहीन भइरहेको गुनासो सु**निएको छ। सरकारी कार्यालयहरु अपाङ्गमैत्री नहुँदा समस्या छासंयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले स्थानीय तहका कार्यालयमा तालाबन्दी गरेपछि तराईका केही जिल्लामा सामाजिक सुरक्षा भत्ता वितरण हुन नसकेको पाइयो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल,पूर्वी तथा मध्य मधेस)।

अधिकारसम्पन्न स्थानीय तहको निर्वाचन सम्पन्न भइसके पनि पूर्वाधार र आवश्यक कानुन नबन्दा स्थानीय तहमा अत्यावश्यक सेवाहरु प्राप्त हुन नसकेको पाइन्छ। खानेपानी, स्वास्थ्य, सञ्चार, सार्वजनिक यातायात जस्ता आधारभूत सेवा एवं एम्बुलेन्स तथा दमकलजस्ता आकस्मिक सेवाको अभाव नै रहेको पाइन्छ। विभिन्न जिल्लाका बासिन्दा खडेरी याममा खानेपानीको अभावबाट अझ बढी पीडित भएको पाइन्छ। भक्तपुर पानीको अभाव खेपेको त्यस्तै एक जिल्ला हो। पानीका लागि यहाँका टोलटोलका सार्वजनिक ढुंगेधारा, इनार र कुवामा भीड लाग्न थालेको भेटियो। उता धादिङका किसानलाई भने बाँदरले बालीनालीमा नोक्सान पुर्‍याई पिरोलेको पाइएको छ (त्रैमासिक प्रतिवेदन- मध्यपश्चिमाञ्चल, मध्यमाञ्चल)।

बाजुरा जिल्लाको हिमाली गाउँपालिका ३ गुम्बाका स्थानीय मतदाता विगतदेखि नै मतदानबाट बञ्चित भएको पाइयो किनभने त्यहाँका मतदाताले आफ्नो मतदान केन्द्र पुग्नलाई मात्रै पनि तीन दिन हिँड्नुपर्ने देखियो। त्यस्तै अपांगता भएका व्यक्तिका लागि पनि मतदान केन्द्रसम्म पुग्न सहज नभएको उनीहरुले गुनासो गरेको पाइयो (त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिमाञ्चल)।

**अघिल्लो अवधिमा झैँ यस अवधिमा पनि स्थानीय तहमा भ्रष्टाचार र आर्थिक अनियमितताका घटनाहरु धेरै भएको पाइयो । सरकारको सुशासनप्रतिको प्रतिबद्धता यस्ता घटनाले निरन्तर कमजोर बनाएको पाइयो । यद्यपि भ्रष्टाचार र आर्थिक अनियमितता विरुद्ध कार्यवाही अघि बढाइएको समेत पाइएको छ ।**

यस अवधिमा पनि भ्रष्टाचार र अनियमितताका घटनाको आरोप र कारबाहीका उदाहरण धेरै नै भेटिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय सुर्खेतले मालपोत कार्यालय सुर्खेतका निमित्त प्रमुख र क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय सुर्खेतका इन्जिनियरलाई घुस लिँदै गर्दा पक्राउ गरेको पाइयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबासस्थित क्षेत्रीय कार्यालयले सेवाग्राहीसँग लिएको ३० हजार घुस सहित जिल्ला नापी कार्यालयमा कार्यरत अमिनलाई कार्यालयबाटै पक्राउ गरिएको बताइएको छ। त्यस्तै, सर्लाही जिल्लाको लालवन्दीमा शिक्षक भर्ना गर्न भनेर लिएको रकम सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शिक्षा कार्यालयका दुई उप-सचिव, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्रधानध्यापक समेत चार जनालाई नियन्त्रणमा लिएको पाइएको छ (त्रैमासिक प्रतिवेदन-मध्यपश्चिमाञ्चल, मध्य तथा पूर्वी मधेस) ।

आपूर्ति विभागले काठमाडौँ उपत्यकामा गरिएको अनुगमनमा माछा तथा मासु पसलले सरसफाइमा ध्यान नदिएको, औषधी पसलहरुले तोकिएको ढाँचामा बिलबिजक जारी नगरेको तथा केही ल्याबहरु अनधिकृत रुपमा सञ्चालनमा रहेको पाइयो । उक्त अनुगमनमा मासु पसलका कामदारले पञ्जा, मास्क तथा एप्रोन नलगाएको, राख्नैपर्ने मूल्यसूची तथा साइनबोर्ड पनि नराखेको पाइएपछि विभागले तीन दिनभित्र उक्त मासु पसललाई व्यवसाय दर्ता गर्न तथा सरसफाइको मापदण्ड पूरा गर्न निर्देशन दिएको बताइएको छ । काठमाडौँमै समाखुशीमा पाँचवटा औषधी पसलमा छापा मार्दा एक औषधी पसल विना स्वीकृति चलेको पाइएको छ (त्रैमासिक प्रतिवेदन-मध्यमाञ्चल) ।

**विद्यार्थी आन्दोलन र शिक्षक आन्दोलनका कारण शैक्षिक गतिविधि एवं पठनपाठनमा अवरोध आएको पाइयो भने उत्तरी भेगमा यार्सागुम्बा टिप्ने सिजन भएकाले समेत विद्यालय लामो समय बन्द भएको पाइयो ।**

यस अवधिमा पनि राजनीतिक गतिविधिका विभिन्न कारणले विद्यालय पठनपाठन प्रभावित भएको पाइयो । कास्कीमा सरकारको तोकेको सिलिङ र सर्वोच्च अदालतले दिएको आदेश विपरीत शुल्क बढाएका निजी विद्यालयमा संयुक्त विद्यार्थी संघठनले बैशाख १३ गते तालाबन्दी गरेको पाइएको छ । निजी विद्यालयले शुल्क बढाएको विरोधमा बैशाख १५ गते संयुक्त विद्यार्थी संघर्ष समितिले पाल्पामा जिल्ला शिक्षा अधिकारीको कार्यकक्षमा तालाबन्दी गरेका थिए (त्रैमासिक प्रतिवेदन-पश्चिमाञ्चल) ।

त्यसैगरी बैशाखको तेस्रो सातामा विभिन्न मागसहित आन्दोलनमा उत्रिएका अस्थायी शिक्षक संघर्ष समिति आवद्ध शिक्षकहरुले जिल्ला शिक्षा कार्यालयहरुमा धर्ना दिएको पाइयो । यस्तो धर्नाका कारण अधिकांश सामुदायिक विद्यालयको पठनपाठन प्रभावित भएको भेटियो । अस्थायी शिक्षक केन्द्रीय संघर्ष समितिले निर्धारण गरेको विद्यालय बन्द सहित एक हप्ते आन्दोलनका कार्यक्रम अन्तर्गत शिक्षा कार्यालयमा धर्ना दिइएको बताइएको थियो ।

हिमाली जिल्लाहरुमा अहिले यार्सागुम्बा टिप्ने समय भएकोले विद्यालय लामो समयसम्म बन्द भएको पाइएको छ। बझाङ जिल्लाको उत्तरी भेगका विद्यालय त्यस्ता उदाहरण हुन् । अभिभावकसँगै विद्यालय जाने उमेरका बालबालिका पनि यार्सा संकलन गर्न लेकतिर जाने चलन भएकाले काँडा मावि, धलौन मावि, लगायतका विद्यालय बैशाख पहिलो हप्तादेखि बन्द गरिएको पाइएको छ। काँडा माविका एक शिक्षकले भने, "विद्यार्थीहरु कोही आउँदैनन् । सबै लेकतिर यार्सा टिप्न गएका छन् ।" ती विद्यार्थी बेसी झरेपछि असार अन्तिमतिर मात्र विद्यालय खुल्ने जानकारी प्राप्त भएको छ । यस जिल्लाका काँडा गाउँपालिका, सुर्मा गाउँपालिका, छबिसपाथीभेरा गाउँपालिका, तल्कोट गाउँपालिका र दुर्गावली गाउँपालिकाका अधिकांश विद्यालयमा यस्तो भएको पाइयो (त्रैमासिक प्रतिवेदन-सुदूरपश्चिमाञ्चल) ।

**स्वास्थ्योपचार सुविधा जनताको पहुँचमा पुऱ्याउने राज्यको प्रयास भइरहे पनि अझै धेरै स्थानमा सेवाग्राही सामान्य औषधी र उपचार सुविधाबाट बञ्चित भएको पाइयो भने स्वास्थ्य क्षेत्रमा लापर्वाही र अनियमितताका उदाहरण पनि फेला परे।**

यस अघिका प्रतिवेदनमा उल्लेख भएझैं यस अवधिमा पनि हडतालका कारण स्वास्थ्य सेवा प्रभावित भएको पाइयो । अझ पोखराको मणिपाल शिक्षण अस्पतालको एक घटना भने सर्वत्र आलोचित भएको पाइयो । बैशाख ९ गते मुस्ताङको कागबेनीमा भएको सवारी दुर्घटनापछि हेलिकप्टरमा ल्याइएका घाइतेलाई उपचार गर्न डाक्टरहरुले अस्वीकार गरेको भन्दै अस्पतालको मूल गेटमा स्थानीयले ताला लगाइदिए । श्रम ऐन लागु गर्नुपर्ने माग राख्दै आफूहरु आन्दोलनमा रहेको कारण देखाएर डाक्टरहरूले बिरामी भर्ना गर्न नमानेपछि स्थानीयले प्रेस विज्ञप्ति जारी गर्दै अस्पतालको मूल गेटमा ताला लगाएको वडा प्रहरी कार्यालय, बगरका इन्सपेक्टरले बताए (त्रैमासिक प्रतिवेदन-पश्चिमाञ्चल) । नेपाल सरकाले सरकारी स्वास्थ्य केन्द्र र अस्पतालहरु बिहान १० बजेदेखि ५ बजेसम्म सञ्चालन गर्न परिपत्र जारी गरे पनि २ बजे नै स्वास्थ्य संस्थाहरु बन्द हुने प्रचलन अझै रहेको पाइयो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल, पूर्वाञ्चल, मध्यमाञ्चल) ।

बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिका १७ को जैतापुर बजरामा दुई दशकअघि स्थापना भएको स्वास्थ्यचौकी सारिएपछि उक्त क्षेत्रका सर्वसाधारण मर्कामा परेको पाइयो । त्यहाँबाट कलैया उपमहानगरपालिका २४ को सखुई स्थित रामजानकी प्राविको एउटा कोठामा सारिए पनि त्यहाँ भौतिक संरचना नभएकोले स्वास्थ्यचौकी सञ्चालनमा भने आएको छैन । जैतापुरमा सरसफाइको समस्या, भवन जीर्ण र स्वास्थ्य चौकी सञ्चालन गर्ने ठाउँमा माछामासु लगायतका सामग्री बिक्रिको लागि बजार राखेपछि समस्या भएको र नयाँ स्थानमा जग्गा दाताले जग्गा समेत दिएकाले सारिएको स्वास्थ्य चौकी इन्चार्जले दाबी गरे (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस) ।

बाजुराको विकट उत्तरी भेगका हिमाली गाउँपालिकाको विच्छ्या स्वास्थ्य चौकीमा झाडापखालाका दश देखि बाह्रजना विरामी दैनिक आउने गरेको तर सामान्य जीवनजल समेत अभाव भएको पाइएको छ । त्यति मात्र होइन, सिटामोल, आँखा पाकेको निको पार्ने औषधी, लगायत औषधी पनि स्वास्थ्य चौकीमा छैन । त्यसैगरी परिवार नियोजनका साधन पनि एक महिनादेखि नभएको पाइयो । सदरमुकाम मार्तडीबाट ४ दिनको पैदल दूरीमा रहेको यो स्वास्थ्य चौकीमा सधैं औषधीको अभाव हुने र जिल्लामा खबर गरेपनि एकदमै थोरै पठाइदिने हुनाले समस्या परेको चौकीका इन्चार्जले बताए । बाजुराका उत्तरी क्षेत्रका अन्य स्वास्थ्य चौकीहरु जस्तै रुगिन, वाई, गोत्री, साप्पाटा आदिमा पनि औषधीको अभाव भएको पाइएको छ । ती स्वास्थ्य क्षेत्रमा दरबन्दीअनुसार पदपूर्ति नहुनुले पनि समस्या थपिएको पाइएको छ । जिल्लामा स्वास्थ्य सुविधाको अभावका कारण अर्घाखाँची, गुल्मी, कपिलवस्तु जिल्लाबाट सुत्केरी गराउन भैरहवा, बुटवल र पाल्पा लैजानुपर्ने बाध्यामक अवस्था कायमै छ (त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिमाञ्चल, पश्चिमाञ्चल) ।

### ४. सामाजिक एकता/तनाव

**यस अघिका प्रतिवेदनमा उल्लेख भएझैं बालबालिका तथा महिलामाथि अझै पनि हिंसात्मक कार्यहरु भएको पाइएको छ । विशेष गरी महिला र बालिकाहरु यौन हिंसाबाट पीडित बनेको, बेचबिखनको शिकार भएको पाइयो ।**

विभिन्न जिल्लाबाट प्राप्त जानकारीअनुसार यौन हिंसा, घरेलु हिंसा, बेचबिखन आदिका कारण बालिका र महिला असुरक्षित बनेको पाइएको छ। यस अवधिमा ३ वर्षकी मानसिक रुपमा अशक्त बालिका बलात्कृत भएका समेत उदाहरण पाइएका छन् । मानव बेचबिखनका केही घटनाहरु सार्वजनिक भएका छन् । ३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले असार १९ गते तेह्रथुमको आठराई गाउँपालिका ४ का एक पुरुषलाई गिरफ्तार गरेको पाइयो । यस्ता बलात्कारका घटना अन्य जिल्लामा पनि भएको पाइएको थियो । यस अवधिमा रुपन्देही जिल्लामा मात्र १० वटा यौन हिंसाका घटनाहरु बाहिर आए । गोरखा, गुल्मी, तनहुँ, लमजुङ, अर्घाखाँची, कपिलवस्तु, नवलपरासी र पाल्पामा पनि यस्ता घटना भएको पाइयो । १७ वर्षीय किशोरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले जेठ २५ मा कञ्चनपुर

जिल्लाको भीमदत्त नगरपालिका ४ का एक युवकलाई गिरफ्तार गरेको थियो (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल, पश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल)।

जेठ ३ गते कावासोती नपा १६ की एक किशोरी झुण्डिएको अवस्थामा फेला परेकी थिइन् । उक्त घटना आत्महत्या नभई हत्या भएको दाबी गर्दै घटनाको निष्पक्ष छानविन गर्न माग गर्दै जेठ ७ गते राजमार्ग बन्द गरेका सर्वसाधारणमाथि प्रहरीले लाठी चार्ज गरी राजमार्ग खुलाएको थियो । किशोरीका बुवा र सौतेनी आमाको भूमिका शंकास्पद भएकोले स्थानीयले यस घटना राम्ररी छानविन गर्न माग गरेको देखियो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल)।

महोत्तरीका औरही गाउँपालिका-२ मा एक युवतीलाई सामूहिक बलत्कार गरेको भन्दै स्थानीयले प्रहरी चौकी घेराउ गरेपछि जेठ २८ को राति ९ बजेदेखि बिहान २ बजेसम्म औरही तनावग्रस्त बनेको पाइयो। प्रहरी र स्थानीयबीच झडप हुँदा ४ प्रहरी र ४ जना स्थानीय घाइते भएका थिए । प्रहरीले ५ राउण्ड हवाइ फायर गरेर स्थिति लाई नियन्त्रणमा लिएको थियो। मुर्छित अवस्थामा रहेकी पीडितलाई उद्धार गर्नुका साटो प्रहरीले पीडकलाई बचाउ गरेको भन्दै स्थानीय बासिन्दा औरही स्थित प्रहरी चौकी घेराउ गर्न पुगेको स्थानीय एक व्यक्तिले बताएका थिए (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस)।

महिलालाई राम्रो जागिर लगाइदिने प्रलोभन देखाएर भारतको बाटो विभिन्न देशमा लैजान लागेका घटना पनि यस अवधिमा सार्वजनिक भए। भारत हुँदै दुई महिलालाई किर्गिस्तान लैजाँदै गरेको अवस्थामा थ्री एन्जल्स नामक संस्थाको सहयोगमा प्रहरीले रुपन्देहीको बेलहिया नाकाबाट उद्धार गरी दुई जना आरोपितलाई गिरफ्तार गरेको थियो। बेलहिया नाकामै बेचबिखनका त्यस्तै अन्य दुई घटना फेला परे जसमा महिलालाई जागिरको प्रलोभनमा दुबई र कुवेत लैजाँदै गरेको पाइएको थियो। कन्चनपुर जिल्लामा पनि गड्डा चौकी नाकाबाट वैदेशिक जागिरको प्रलोभन देखाई महिलालाई भारतको भूमि हुँदै किर्गिस्तान र दुबई पठाउन लागिएको पाइएको थियो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल)।

दाइजो कम भएको भन्दै महिलालाई यातना दिने गरेको घटना पनि बाहिर आयो यस अवधिमा । सिरहा जिल्लाको गोलबजार डेहोटियाकी एक युवतीलाई दाइजोको निहुँमा तीन दिनसम्म घरमै बन्धक बनाएर कुटपिट गरिएको पाइयो। पति, सासु र ससुरा मिलेर कुटपिट गर्दै यातना दिएपछि बेहोस युवतीलाई छिमेकीले उद्धार गरी स्थानीय भुमिजा अस्पतालमा पुऱ्याएका थिए (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस)।

**कानुनले दण्डनीय माने पनि अझै व्यवहारमा छुवाछुत गर्ने, जातीय भेदभाव गर्ने प्रचलनले नेपाली समाजलाई रुढीग्रस्त पारेको उदाहरण यस अवधिमा पनि पाइयो। महिलालाई बोक्सीको आरोपमा यातना दिने अमानवीय कार्य यस अवधिमा पनि भेटियो।**

यस अवधिमा पनि खास गरी दलिततलाई जातीय भेदभावको शिकार बनाएका उदाहरण भेटिए। देवीथानमा पूजा गरेको आरोप लगाउँदै कपिलवस्तुको दोहनी ६, बेलौहास्थित एक दलित परिवारमाथि बैशाख १६ मा कुटपिट गरिएको पाइयो। घाइते ६ जनाको भैरहवास्थित युनिभर्सल शिक्षण अस्पतालमा उपचार गरिएको थियो। उक्त परिवारमाथि गाउँकै गैरदलित व्यक्तिहरुको समूहले आफ्नो जमिनमा रहेको देवीको थानमा पूजाआजा गरेको भन्दै कुटपिट गरेको पीडितले बताएका थिए। त्यसै गरी बाजुरा जिल्लाको छेडेदह गाउँपालिका १ विराडी गाउँका एक दलितले आफ्नो छानो छोइदिएकाले देउता रिसाउने आरोपमा घरधनीले २ हजार जरिवाना तिराएको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएको पाइयो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल)।

रुढीवादी समाजमा जरो गाढेर बसेको अन्धविश्वासका कारण आधुनिक युगमा पनि महिलालाई बोक्सीको आरोपमा यातना दिनु अमानवीय कार्य हो र कानुनतः दण्डनीय अपराध हो। यद्यपि यस्ता अभ्यास नेपाली समाजमा बरोबर भएको पाइन्छ। बोक्सीको आरोपमा महिलालाई यातना दिएका उदाहरण पनि यस अवधिमा पाइयो । सिरहाको धनगढीमाई नगरपालिका-६ मोथियाहीकी एक वृद्धालाई छिमेकीले बोक्सीको आरोपमा कुटपिट गरेपछि उनको लहान स्थित लीलामदन

पोलिक्लिनिक एन्ड प्रसूतिगृहमा उपचार गरिएको पाइयो । टुनामुना गरी आफ्नी छोरीलाई पटक-पटक बिरामी पारेको आरोप लगाउँदै छिमेकी एक पुरुषले गालीगलौज गरी कुटपिट गरेको पीडितको भनाइ थियो । यस घटनामा पीडितबाट लिखित जाहेरी नआएको र बोक्सीकै आरोपमा कुटपिटको जाहेरी परे सोहीअनुसार घटनाको अनुसन्धान गरी कारबाही अगाडि बढाउने प्रहरी नायव उपरीक्षकले जानकारी दिएका थिए (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस)।

## ५. राजनीतिक परिचालन /तनाव

**स्थानीय तहको निर्वाचनमा धेरैजसो दलहरुको उल्लेखनीय सहभागिता रहे पनि केही दलले आधारभूत असहमतिका कारण निर्वाचन बहिष्कार गर्ने अभियान चलाए। ती राजनीतिक दलहरुका कारण केही स्थानमा झडप, तोडफोड र विस्फोटका घटना भएको पाइयो।**

यस समयावधिमा स्थानीय तहको दुई चरणका निर्वाचन सम्पन्न भए। पहिलो चरणको निर्वाचन प्रदेश नं. ३, ४ र ६ मा २०७४ बैशाख ३१ मा सम्पन्न भएको थियो भने दोस्रो चरणको निर्वाचन प्रदेश नं. १, ५, र ७ मा असार १४ मा भएको थियो । विभिन्नखाले असहमतिका कारण केही राजनीतिक शक्तिले यो निर्वाचनमा भाग लिएनन् बरु त्यसलाई असफल बनाउने प्रयत्न गरेको पाइयो । मिति सारेर राष्ट्रिय जनता पार्टी (राजपा) लाई निर्वाचनमा भाग लिन सहज बनाइएको भनिए पनि आफ्ना माग पूरा नभएको भन्दै राजपाले निर्वाचन बहिष्कार गर्नुका साथै निर्वाचनलाई अवरोध पुऱ्याउने गतिविधि गरेको पाइयो। यस क्रममा केही स्थानमा झडप पनि भएको पाइयो। यस पार्टीले तराईका जिल्लामा निर्वाचन बहिष्कारको अभियान चलाएको थियो (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस, पश्चिमाञ्चल, पूर्वाञ्चल)।

राजपाले एकीकरणपछि संगठन बिस्तार अभियानलाई भने तिब्रता दिएको पाइयो, साथसाथै विरोधका कार्यक्रममा पनि यसका कार्यकर्ताको सक्रियता देखियो । विभिन्न जिल्लामा निर्वाचनमा सहभागी दलका प्रचारप्रसार सामग्री जलाउने, प्रचारप्रसार गर्न नदिने जस्ता गतिविधिमा यसका कार्यकर्ता लागेको पाइयो । उदाहरणका लागि, सिरहामा राजपा कार्यकर्ताले पिपरा गाउँपालिकाका निर्वाचन अधिकृतसँग भएको आचारसंहिता, नियमावली, निर्देशिका, निर्वाचन पुस्तिका लगायतका निर्वाचन सामग्री खोसेर जलाइदिएको पाइयो। सप्तरीको राजविराजमा राजपा नेपालका कार्यकर्ताहरुले एमाले नगरस्तरीय कार्यक्रममा बाधा पुऱ्याएको पाइयो। उनीहरुले एमालेका झण्डा, प्रचार सामग्री र ब्यानर जलाउनुका साथै कार्यक्रमस्थलका कुर्सीहरु तोडफोड गरेको समाचार प्राप्त भएको छ (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस)।

स्थानीय निकायको निर्वाचनको विरोधमा २०७३ चैत्र २१ मा संयुक्त मधेसी मोर्चाले नवलपरासी जिल्लाका विभिन्न गाउँपालिका र नगरपालिकाहरुमा तालाबन्दी गरेको थियो । २०७४ बैशाख ७ र ८ मा स्थानीय निकायको चुनाव बहिष्कार गर्नुपर्ने भन्दै संयुक्त मधेशी मोर्चाले कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लामा लाठी जुलुस निकाल्यो । बैशाख ९ गते नवलपरासी जिल्ला सदरमुकाम नजिकको पाल्हीनन्दन गाउँपालिकामा निर्वाचन कार्यालय स्थापनाको लागि निरीक्षणमा गएका निर्वाचन अधिकृत चढेको गाडीमा मोर्चाका कार्यकर्ताले ढुंगामुढा गरेका थिए (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल) । निर्वाचन आयोगको कार्यतालिकाअनुसार असार २ गते उमेदवारी मनोनयन गर्ने थियो र राजपाले त्यसैलाई लक्षित गर्दै चार दिने (जेठ ३० देखि असार २ सम्म) बन्दको आह्वान गरेकोले त्यसको असर तराईका जिल्लामा परेको पाइयो। बन्दकर्ता र प्रहरीबीच ठाउँ ठाउँमा झडप र केही सवारी साधन तोडफोड भएको भेटियो । तर प्रदेश नं २ मा निर्वाचनको मिति असोज २ का लागि सारिएकोले पछिल्लो समयमा यस दलको सक्रियता पूर्वी तराईमा कम देखियो। पश्चिम तराईका रुपन्देही र कपिलवस्तु जिल्लामा राजपाका स्थानीय नेता तथा कार्यकर्ताले निर्वाचनमा भाग लिएका थिए भने नवलपरासीमा राजपाले निर्वाचनका कार्यक्रमको विरोध गरेको थियो । नवलपरासीमा मनोनयनको अघिल्लो दिन राजपाले लाठी जुलुसपछि गरेको विरोध सभाकै क्रममा यसका कार्यकर्ताले एमालेको निर्वाचन सामग्री जलाएपछि प्रहरी र राजपा कार्यकर्ताबीच झडप भयो र प्रहरीले रबरको गोली समेत चलाएको थियो। कैलालीको कैलारी गाउँपालिकाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा असार ४ गते राजपाका नेताहरुले तालाबन्दी गरी विरोध प्रदर्शन

गर्न लाग्दा उनीहरुलाई प्रहरीले गिरफ्तार गरेको पाइयो (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस, पश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल)।

उपेन्द्र यादव र विजय गच्छदार नेतृत्वका दलहरु क्रमश: संघीय समाजवादी फोरम र नेपाल लोकतान्त्रिक फोरमले निर्वाचनमा भाग लिने निर्णय गरेपछि यी दलहरु र राजपाबीच वैमनस्यता बढेको पाइयो । महोत्तरीमा राष्ट्रिय जनता पार्टीका कार्यकर्ताले संघीय समाजवादी फोरम नेपालको जलेश्वरस्थित कार्यालयको गेटमा राखेको दलको झण्डा जलाएको र साइनबोर्डमा कालो पोतेको पाइयो। संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवलाई समेत तराईका जिल्लाहरुमा कार्यक्रममा जान लाग्दा विरोध र अवरोधका प्रयास गरिएको पाइएको थियो। उनी सर्लाहीको एक कार्यक्रमलाई सम्बोधन गर्न सर्लाही जाँदा त्यहाँ राजपाका कार्यकर्ताले कडा विरोध गरेको पाइयो । सदरमुकाम मलंगवालगायत गाउँगाउँमा उनको विरोधमा नाराबाजी र प्रदर्शन गरिएको थियो (त्रैमासिक प्रतिवेदन- मध्य तथा पूर्वी मधेस)।

## नेकपा माओवादी विप्लव समूहको निर्वाचन विरोधी गतिविधि आक्रामक र हिंसात्मक भएको र प्रहरीले पनि यस दलका कार्यकर्तालाई धरपकड गरेको पाइयो।

नेकपा माओवादी विप्लव समूहले देशभर नै निर्वाचन विरोधी गतिविधि गरेको पाइयो। केही स्थानमा विस्फोटका घटना समेत भएको पाइयो। पूर्वका पहाडी जिल्ला इलाम, पाँचथर, ओखलढुङ्गामा यस दलले चुनावी प्रक्रिया बिथोल्ने, चन्दा संकलन गर्ने धम्की दिने जस्ता गतिविधिहरु गरेको पाइयो। २०७४ जेठ २८ गते यस दलले ओखलढुङ्गामा निर्वाचनका लागि खटिएका कर्मचारीहरूलाई नजान धम्की दिएको पाइयो (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल)।

यस दलले इलामका स्थानीय तहका कार्यालयमा आफ्नो पार्टीको साइनबोर्ड राखेको पाइएको छ। यसअघि पुरानो संरचना अनुसार गाविसमा जनसत्ता गठन गर्दै आएको सो पार्टीले जेठ ५ गते राति माङसेबुङ गाउँपालिकाको साइनबोर्ड हटाएर 'स्थानीय जनसमितिको कार्यालय इभाङ' लेखिएको साइनबोर्ड राखेको पाइयो। पार्टीले जीतपुर, फाकफोक, इभाङमा साविक गाविसहरुमा साइनबोर्ड राखेको पार्टीका इलाम इञ्चार्जले जानकारी दिएको पाइयो। उनले केही समयपछि ती कार्यालयबाट जनसत्ताले गर्ने 'काम' सुरु हुन्छ भनेको समाचार प्राप्त भएको थियो (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल)।

बैशाख १८ मा म्याग्दीको बेनी नगरपालिका ३, भकिम्लीमा नेपाली काँग्रेसको तर्फबाट स्थानीय तहको निर्वाचनका लागि वडा अध्यक्षका उम्मेदवारलाई नै नेकपा माओवादी विप्लव समूहले उमेदवारी दर्ता गर्नेभन्दा एक दिन अघि अपहरण गरेका थिए। यद्यपि चौतर्फी दबाबका कारण उनलाई केही घण्टापछि नै छोडियो र उनले उमेदवारी दर्ता गर्न पाए। निर्वाचन विरोधी गतिविधि गरेको खबर पाएपछि पक्राउ गर्न गएको प्रहरी टोलीमाथि आक्रमण हुँदा बैशाख २४ गते रासकोट-७ कालीकोटमा सात प्रहरी घाइते भएका थिए। विप्लव समूहका कार्यकर्ताले स्थानीय तहको निर्वाचनमा उमेदवार बनेका सुर्खेतका उमेदवारहरुको घरमा बैशाख २३ गते कालो झण्डा लगाएका थिए भने असार ५ गते मुगुको सोरु गाउँपालिका ६ का नव-निर्वाचित वडाध्यक्षमाथि भौतिक आक्रमण गरेको पाइयो। निर्वाचन बिथोल्ने बहानामा उनीहरुले विभिन्न जिल्लामा बम विष्फोट समेत गराएका थिए। निर्वाचन बिथोल्ने प्रयास गरेको आरोपमा प्रहरीले रुपन्देही, कपिलवस्तु, नवलपरासी, झापा लगायत विभिन्न स्थानबाट विप्लव समूहका कार्यकर्ता पक्राउ गरेको पाइएको थियो (त्रैमासिक प्रतिवेदन-मध्यपश्चिमाञ्चल, पश्चिमाञ्चल)।

उमेदवारका घरमा बम फेला परेका उदाहरण पनि पहिलो र दोस्रो चरणका दुवै निर्वाचनका क्रममा अनेकौं भेटिए। जस्तै, बैशाख २९ मा स्याङ्जाको गल्याङ नगरपालिकामा नेपाली काँग्रेसका तर्फबाट प्रमुख पदका उम्मेदवारको घरमा बम फेला परेको थियो र यसलाई नेपाली सेनाको टोलीले निस्क्रिय पारेको थियो। यस्ता घटनामध्ये केहीमा नेकपा माओवादी विप्लव समूहको संलग्नता रहेको भनी प्रहरीले कार्यवाही समेत अघि बढाएको पाइयो भने केही घटना कसले गराएको भन्ने नै थाहा हुन सकेन। यद्यपि तिनमा पनि विप्लव समूहकै संलग्नता हुन सक्ने आशंका गरिएको भने पाइयो (त्रैमासिक प्रतिवेदन-पूर्वाञ्चल, पश्चिमाञ्चल)।

धनगढी उपमहानगरपालिका ४ खानेपानी रोडमा असार १२ गते राती आफैले बोकेको बम विस्फोट हुँदा नेकपा माओवादी विप्लव समूहका जिल्ला सदस्यको मृत्यु भएको प्रहरीले जनाएको थियो (त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिमाञ्चल) ।

**निर्वाचनको गतिविधि बढ्दै गर्दा प्रतिस्पर्धी राजनीतिक दलहरुबीच झडपका गतिविधि पनि भएको पाइयो । धेर जसो यस्ता घटनालाई प्रहरीको मध्यस्थतामा मेलमिलाप गरी टुङ्ग्याइएको पाइयो ।**

चुनावी प्रतिस्पर्धामा उत्रिएका राजनीतिक दलहरुबीच निर्वाचन अघि, निर्वाचनको दिन र निर्वाचन पछिका दिनमा आपसमा झडप भएका घटनाबारे जानकारी विभिन्न स्थानबाट प्राप्त भएका छन् । बैशाख २६ गते दोलखा जिल्ला गौरीशंकर गाउँपालिका वार्ड नं २ का नेकपा एमालेका वडा सदस्यका उम्मेदवारको छोरा चुनावी प्रचार प्रसारका क्रममा माओवादी कार्यकर्तासँग भएको झडपमा गम्भीर घाइते भई अस्पताल लैजाने क्रममा निधन भएको पाइयो भने त्यस घटनामा अन्य दुई पनि गम्भीर घाइते भएका थिए । दोलखामै बैशाख ३१ को निर्वाचनको दिनमा मेलुङ् गाउँपालिकाको मतदान केन्द्रमा बुथ कब्जा गर्न खोज्ने समूहविरुद्ध प्रहरीले गोली चलाउँदा एकको घटनास्थलमै निधन भएको र १९ जना घाइते भएको पाइयो (त्रैमासिक प्रतिवेदन-मध्यमाञ्चल) ।

बझाङ जिल्लाको विथ्थडचिर गाउँपालिका अन्तर्गतको सुनकुडामा नेपाली काँग्रेस र एमाले कार्यकर्ताबीच र छविसपाथिभेरा गाउँपालिकामा नेकपा माओवादी केन्द्र र एमाले कार्यकर्ताबीचझडप भएको पाइयो । दार्चुला जिल्लाको मार्मा गाउँपालिकाको लाटिनाथमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रका कार्यकर्ताबीच झडप भएको पाइयो भने बाजुरा जिल्लाको गौमूल गाउँपालिका र बुढीगंगा नगरपालिकामा नेपाली काँग्रेसका कार्यकर्ता र एमालेका कार्यकर्ता बीच झडप भएको पाइयो । अछामको मेल्लेख गाउँपालिकामा नेकपा एमालेले काँग्रेस कार्यकर्तामाथि आक्रमण गरेको समाचार प्राप्त भएको थियो (त्रैमासिक प्रतिवेदन- सुदूरपश्चिमाञ्चल) ।

बैशाख २३ गते रुकुमको बाँफीकोट-६ मा नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रका कार्यकर्ताबीच झडप हुँदा तरुण दलका तीन र वाइसिएलका पाँच कार्यकर्ता घाइते भएका थिए । गोरखामा नयाँ शक्ति र नेकपा माओवादी केन्द्रका बीच ठाउँठाउँमा झडप भएको पाइएको थियो । दलहरु बीचका यस्ता झडपका घटना स्याङ्जा, गुल्मी, बाग्लुङ, पर्वत, म्याग्दी आदि जिल्लामा पनि भएको पाइयो । तीमध्ये धेरै जसो घटना प्रहरीको मध्यस्थतामा मेलमिलाप गरी टुङ्ग्याइएको पाइयो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल) । भरतपुर महानगरपालिकाको मत गणना विवादको घटना भने सर्वोच्च अदालतसम्म पुग्यो । जेठ १४ मा नेकपा माओवादी केन्द्रका प्रतिनिधिले गणनाका क्रममा वडा नं १९ को ९० मत च्यातेपछि मतगणना रोकिएको थियो । निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन ऐन २०७३ बमोजिम पुनः मतदान गर्ने निर्णय गरेको थियो । आयोगको यो निर्णय विरुद्ध जेठ २१ मा सर्वोच्च अदालतमा मुद्दा दर्ता गरियो । अनेकौं पटक सुनुवाइ सारेपछि सर्वोच्च अदालतले साउन १५ मा उक्त वडामा पुनः निर्वाचन गर्ने निर्वाचन आयोगको निर्णयलाई सदर गर्‍यो (त्रैमासिक प्रतिवेदन-मध्यमाञ्चल) ।

**निर्वाचनका क्रममा उमेदवारीमा पक्षपात भएको, मतदानमा अन्तर्घात गरेको आदि आरोपमा पार्टीभित्रै कलह बढेको र केही अवस्थामा त्यो सतहमै देखा परेको पनि पाइयो ।**

निर्वाचनका क्रममा उमेदवार मनोनयन र सोभन्दा अघि राजनीतिक दलहरुभित्रै टिकटका लागि खिचातानी भएको पाइयो जसका कारण दलभित्र आकांक्षीबीच तनाव बढेको देखियो । परिणाम स्वरुप चुनाव जिताउन वा हराउन आफ्नै दल भित्रबाट खेल्नेहरुको समूह सक्रिय भएको पाइयो । उमेदवार छनौट गर्दा एकलौटी गरेको भन्दै बैशाख १४ गते असन्तुष्ट पक्षले नेपाली काँग्रेस सुर्खेतमा ताला समेत लगाएको थियो (त्रैमासिक प्रतिवेदन- मध्यपश्चिमाञ्चल) ।

उदयपुरको चौदण्डी नगरपालिका स्थित एमाले नगर कमिटीले मेयर पदका लागि सिफारिस गरेकोभन्दा फरक व्यक्तिलाई प्रदेश कमिटीले मेयरको उम्मेदवार बनाएको भन्दै आक्रोशित कार्यकर्ताहरूले जेठ २३ गते पार्टी कार्यालयमा तोडफोड गर्नुका साथै तालाबन्दी गरी कालो झण्डा राखेको पाइएको थियो । आक्रोशित कार्यकर्ताहरूले चौदण्डी नपा ६ स्थित बेल्टारमा रहेको पार्टी नगर कमिटीको कार्यालय तोडफोड गरेपछि कार्यालयभित्र रहेका दुई थान कुर्सी समेत जलाएको पाइयो । पार्टीको नगर कमिटीमा तालाबन्दी गरिएपछि कार्यकर्ताहरूले बेल्टार बजारमा प्रदर्शन गर्नुका साथै कोणसभा गरेका थिए (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल)।

**निर्वाचनमा दलहरुले आचारसंहिता उल्लंघन गरेका अनगिन्ती उदाहरण भेटिए । निर्वाचन आयोगले यसको प्रभावकारी अनुगमन गरी कारवाही गर्न नसकेको पाइयो ।**

निर्वाचनमा राजनीतिक दलहरुका लागि खर्च देखि लिएर अन्य प्रचारप्रसारको शैलीमा के गर्न पाइने के नपाइने भन्ने खुल्ने गरी आचारसंहिता लागु गरिएको भए पनि त्यसलाई पालना गरेको कमै मात्र पाइयो । दुवै चरणका निर्वाचनमा आचारसंहिता उलंघन भएका प्रशस्तै उदाहरण भए पनि ती उपर कारवाही भएको पाइएन। उदाहरणका रुपमा उदयपुर जिल्लालाई लिऔं । यहाँको गाईघाट स्थित त्रियुगा नगरपालिकासहित अन्य तीन नगरपालिकामा नेकपा (एमाले), नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र) सहित पार्टीका कार्यकर्ता र उम्मेदवारले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइयो । राजनीतिक दलले गाईघाटको मुख्य सार्वजनिक स्थान, सरकारी कार्यालयको परिसर वरपर समेत पार्टीका झन्डा र ब्यानर राखेको पाइएको थियो । निर्वाचन आयोगले राजनीतिक दललाई चुनावी चिह्न भएको टिसर्ट र झोला वितरण नगर्नु भन्ने आदेश जारी गरेको भए पनि यसलाई लत्याउँदै जिल्लाका राजनीतिक दलले चुनाव चिह्न भएको टिसर्ट र झोला वितरण गर्दै हिँडेको देखियो । यस्तै राजनीतिक दलले त्रियुगा नगरपालिका सहित कटारी नगरपालिका, बेलका नगरपालिका र चौदन्डी नगरपालिका क्षेत्रमा चुनावा प्रचारप्रसार भड्किलो गरी गरेको पाइयो । जिल्ला निर्वाचन कार्यालयको निर्वाचन आचारसंहिता अनुगमन संयोजकले राजनीतिक दललाई चुनावी आचारसंहिता पालना गर्न निर्देशन दिएको तर केही उल्लङ्घनका घटना सुन्नमा आएको बताएका थिए (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल)।

उम्मेदवारहरुले चुनावमा खर्च बढाउँदै लगेको गुनासो पनि सर्वत्र सुनियो । तर निर्वाचन आयोग भने सामान्य निर्देशनमा मात्रै सीमित हुँदा मतदातालाई प्रभावित पार्ने गरी खर्च गर्ने क्रम मौलाउँदै गएको पाइएको छ। निर्वाचन पर्यवेक्षणमा संलग्न ३ वटा संस्थाले राजनीतिक दलहरुले निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसार गरेको बताएका थिए। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक) तथा शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला सञ्जाल (संकल्प) ले संयुक्त पत्रकार सम्मेलन गरी अधिकांश उम्मेदवारले आर्थिक सीमा नाघी प्रचारप्रसारमा खर्च गरेको हरेक दलले गाडी, मोटरसाइकल, झण्डा, गन्जी, भोजभतेर खर्चमा प्रतिदिन रु ७० हजारसम्म खर्च गरेको कुरा खुलासा गरेका थिए (त्रैमासिक प्रतिवेदन- मध्यमाञ्चल)।

**सिके राउत समूहले आफ्ना गतिविधि बढाइरहेको पाइएको छ र रुपन्देहीको एक घटनामा उनी विरुद्ध राज्य विप्लवको मुद्दा समेत दायर भएको छ ।**

तराईका बारेमा विवादस्पद अभिव्यक्ति दिँदै आएका सिके राउत र उनका समर्थकले सांगठनिक विस्तारको काम गरिरहेको पाइएको छ । सिके राउत र उनका समर्थक समेत गरी ८ जना विरुद्ध प्रहरीले संगठित अपराध तथा राज्य विप्लप अभियोगमा मुद्दा दायर गरेको पाइएको छ। रुपन्देही जिल्लाको मर्चवार क्षेत्रमा गत फागुन ७ र ८ गते भएको आगजनी, प्रहरी चौकी तोडफोड र हतियार लुटपाटमा संलग्न भएको आरोपमा मुद्दा चलाएको प्रहरीले जनायो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल)।

निर्वाचनमा सिके राउतको समूहले कोठा बाहिर मतदानको अभियान चलाएको थियो र गणनाको क्रममा त्यस्ता केही भोट नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लामा पाइएको थियो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल)।

---

सोलुखुम्बुको नेचा सल्यान गाउँपालिकाको तिङला र नवलपरासीको सरावल गाउँपालिकाको भुजहवा मतदान केन्द्रमा स्थानीय निकायको पुनर्संरचना प्रति असन्तुष्टि जाहेर गर्दै मतदाताले मतदान बहिष्कार गरिएको पाइयो (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल, पश्चिमाञ्चल)। **६. स्रोत साधनमाथिको द्वन्द्व**

**नयाँ संघीय संरचनापछि स्थानीय, प्रदेश र केन्द्रमध्ये प्राकृतिक स्रोतको पहुँच र राजस्वको बाँडफाँटमा कसको कति अधिकार हुने भन्नेबारे अन्योल भएको पाइयो। यसले गर्दा आगामी दिनमा विवाद निम्तिने अनुमान गरेको पाइयो।**

हालसम्म जिल्ला विकास समितिमार्फत जिल्लामा रहेका नदी तथा बन जंगलहरुमा रहँदै आएको पहुँच अब स्थानीय सरकार आएपछि के हुने हो भन्ने विषयमा अन्योल बाँकी रहेको देखिन्छ। उठाएको कर बाँडफाँटको विषयलाई लिएर आगामी दिनमा स्थानीय तह, प्रदेश र संघीय सरकारका बीच तीव्र विवाद हुने संकेतहरु देखिएका छन्। यसले गर्दा भोलिका दिनमा केन्द्रले उठाएको कर वितरण र प्राकृतिक स्रोतको उपयोगबारे विवाद चर्किने सम्भावना देखिन्छ ( त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल, मध्यमाञ्चल)।

कपिलवस्तुमा आफ्ना माग सम्बोधन नगरिएको भन्दै जिल्लाका साझेदारी वनका उपभोक्ताले जिल्ला वन कार्यालय कपिलवस्तुमा २०७४ बैशाख १ गते धर्ना दिई तालाबन्दी गरेको पाइयो। साझेदारी वनलाई वडाको काम कर्तव्य र अधिकार अन्तर्गत राखिएको विरोधमा साझेदारी वन व्यवस्थापनको कार्य प्रदेशको सूचीमा गर्न गराउन माग गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको भए पनि माग सुनुवाई नभएपछि साझेदारी वनका उपभोक्ता आन्दोलित बनेको पाइयो (त्रैमासिक प्रतिवेदन- पश्चिमाञ्चल)।

सडकको चौडाइ निर्धारण नगरी विपी राजमार्ग निर्माण हुँदा सिन्धुली खण्डका कमलामाई नगरपालिकामा जग्गाको मुआब्जा र क्षतिपूर्ति वितरणमा समस्या देखिएको छ। हालै साबिक बाटोकै स्तरोन्नति भएको भन्दै सरकारले घरको क्षतिपूर्ति दिए पनि जग्गाको मुआब्जा नदिने सडकका अधिकारीहरुको भनाइ रहेको पाइयो। यसबाट राजमार्ग छेउछाउका जग्गाधनीहरुले लाखौ रुपैयाँ पर्ने सम्पत्ति विना क्षतिपूर्ति गुमाउँदैछन् (त्रैमासिक प्रतिवेदन- मध्यमाञ्चल)।

**७. संक्रमणकालीन न्याय/ न्यायमाथिको पहुँच**

**यस अघिकै प्रतिवेदनमा उल्लेख भएझैं बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण आयोगबाट उजुरी लिने काम मात्रै भएको र अरु देखिने गरी अन्य काम नभएकोले पीडित सर्वसाधारण आश्वस्त नभएको पाइयो।**

द्वन्द्वकालीन समयमा बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन गर्न गठन भएको आयोगले केन्द्रीय कार्यालय र विभिन्न जिल्लाका स्थानीय शान्ति समितिमार्फत् विस्तृत अनुसन्धान शुरु गरेको पाइएको छ। यसैगरी शान्ति समितिले कार्यालयमा आउन नसक्ने पीडित परिवारमा घरसम्म नै गएर तथ्यांक संकलन गर्ने कार्य गर्न तयारी पनि थालेको छ। सुर्खेतमा सत्य निरुपण तथा मेलमिलाप आयोगले मुकाम खोली मुद्दाको अध्ययन गर्ने काम अघि बढाएको भए पनि वेपत्ता आयोगको काम भने हुन नसकेको पाइयो (त्रैमासिक प्रतिवेदन- मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल)।

पूर्वाञ्चलमा भने द्वन्द्वकालीन घटनाहरूलाई निरूपण गर्न गठित सत्य निरूपण तथा मेलमिलाप आयोगसमक्ष द्वन्द्वपीडितहरूले आयोग नै बेपत्ता भएको गुनासो गरेको पाइयो। आयोगद्वारा २०७३ चैत २६ गते फिदिममा आयोजित न्यायका लागि द्वन्द्वपीडितहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा पीडितहरूले सो गुनासो गरेका हुन्। उजुरी लिएको लामो समय बित्दा समेत आयोगले कुनै काम नगरेको आरोप लगाउँदै सहभागी एक पीडितले भने 'आयोगको यस्तो कार्यसम्पादनले पीडितहरूलाई थप पीडा मात्र भएको छ। बिर्सन लागेका घटनाहरू दोहोरिएका छन्।' द्वन्द्वकालमा पति गुमाएकी याङवरक गाउँपालिका १ की एक महिलाले लामो समयसम्म सत्य तथ्य बाहिर नआउँदा न्याय पाइने

आशा मरेको बताइन् । आयोगकी सदस्य माधवी भट्टले उक्त कार्यक्रममा बताएअनुसार आयोग आन्तरिक विवादमा फसेको हुनाले अपेक्षाकृत कार्यसम्पादन हुन नसकेको हो (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल)।

**माओवादी सशस्त्र द्वन्द्वकालमा लुकाइएका गोली र बम अहिले फेला पर्दा सर्वसाधारणलाई त्रास भएको पाइयो।**

सुर्खेतको वीरेन्द्रनगरस्थित चाइना पुल नजिक एक थान हाते बम र पाँच राउण्ड एसएलआरको गोली फेला पारिएको छ। उक्त बम र गोली सशस्त्र द्वन्द्वका बेला माओवादीले छोडेको हुन सक्ने सुर्खेतका प्रहरी उपरीक्षकले जानकारी दिएका थिए । संयुक्त राष्ट्रसंघले सन् २०११ मा नै नेपाललाई बारुदी सुरुङ मुक्त घोषणा गरेता पनि यस्ता वेवारिसे बम र गोली भेटिनुले जनतामा डर उत्पन्न भएको पाइन्छ।

**सरकारले मधेश र थरुहट आन्दोलनलाई 'राजनीतिक आन्दोलन' भन्दै तीसँग जोडिएका विभिन्न घटनाका आरोपितहरुका विरुद्धका मुद्दा फिर्ता लिएको र यसको सर्वत्र विरोध भएको पाइयो ।**

सरकारले मधेश र थरुहट आन्दोलनलाई 'राजनीतिक आन्दोलन' भन्दै ती घटनाका आरोपितहरुका विरुद्धका मुद्दा फिर्ता लिएको छ । आठ प्रहरी र एक शिशु हत्या भएको टिकापुर घटनापछि २५ जना पुर्पक्षका लागि थुनामा छन् भने ५८ जना फरार छन् । उक्त मुद्दा फिर्ताका विषयलाई लिएर सर्वत्र विरोध भएको पाइयो । राष्ट्रिय मानवाधिकार आयोगले आपराधिक घटनालाई राजनीतिक आवरण दिनु खेदजनक रहेको बताएको छ (त्रैमासिक प्रतिवेदन- मध्यमाञ्चल)।

### ८. प्रकोप पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व

**भूकम्प गएको दुई वर्ष बितिसके पनि पुनर्निर्माण सुस्त गतिमा बढेको पाइयो। पहिलो किस्ता बुझेका हजारौं घरधुरीले अझै दोस्रो किस्ता बुझ्न नपाएको पाइयो भने प्राविधिकहरु गाउँमा नबस्ने हुँदा पुनर्निमाणमा असुविधा भएको गुनासो पनि सुनियो।**

भूकम्पले धेरै असर पारेका जिल्लाहरुमा पुननिर्माणको काम सुस्त र अधुरो भएको पाइएको छ। पीडित परिवार अझै अस्थायी आवासमा बस्न बाध्य भएको देखियो। कुल ६ लाख २६ हजार ६९५ लाभग्राही घरसंख्या रहेकोमा ५ लाख ४३ हजार ६०६ परिवारले मात्रै पहिलो किस्ता पाएका छन् । करीब २३,००० घरपरिवारमात्रै घरनिर्माण सम्पन्न गरी आफ्नै घरमा सरेका छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले अझै बाँकी ८३ हजार ८९ घरधुरीलाई पहिलो किस्ताको रकम दिन नसकेको देखियो । यसै गरी पुनर्निर्माण गर्नुपर्ने ७५० सम्पदाहरुमध्ये केवल २० वटाको मात्रै निर्माण सम्पन्न भएको छ भने क्षति भएका ९ हजार ९ सय २३ विद्यालय निर्माण गर्नुपर्नेमा हालसम्म जम्मा १ हजार १ सय ४१ वटाको मात्रै निर्माण सकिएको बताइन्छ। यसैगरी २ हजार ६ सय २८ वटा सरकारी भवनहरु निर्माण गर्नुपर्नेमा ३२ वटाको मात्रै निर्माण सम्पन्न भएको पाइएको छ। भत्केका ४४० स्वास्थ्य संस्थामध्ये २०० वटा स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्पन्न भएको छ। ७ हजार ७ सय ४१ खानेपानी परियोजनाहरुको पुनर्निर्माण गर्नुपर्नेमा जम्मा ३६३ वटा त्यस्ता परियोजनाहरुको निर्माण सकिएको पाइएको छ ((त्रैमासिक प्रतिवेदन- मध्यमाञ्चल)।

पूर्वाञ्चलमा जिल्लाहरुमा भूकम्प पीडितसँग निजी आवास पुनर्निर्माण अनुदान सम्झौता २०७३ चैत २८ गतेबाट सुरू भएको छ। घर निर्माणको लागि दिने ३ लाख रुपियाँ अनुदान रकममध्ये पहिलो किस्ता बापत ५० हजार रुपियाँ वितरण गरिने जानकारी प्राप्त भयो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले स्थायी आवास निर्माणका लागि लाभग्राहीलाई सहजीकरण र अनुगमनमा खटाएका प्राविधिक र इन्जिनियरहरू गाउँमा नबसेको गुनासो भूकम्प पीडितले गरेको पाइयो । इन्सेकले ओखलढुङ्गाको मानेभञ्ज्याङ गाउँपालिकामा २०७४ जेठ २५ गते आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीहरूले यस्तो गुनासो गरेका हुन् । मानेभञ्ज्याङ गाउँपालिका ३ उवूँका एक पीडितले घर पूरै बनिसक्दा समेत प्राविधिक घर हेर्न एक पटक पनि नआएको गुनासो गरे । अर्का पीडितले वडा सचिवको लापरवाहीले अझै ३६ जना पीडितले पहिलो किस्ता रकम नपाएको गुनासो गरे । सम्झौतामा कोड नम्बर उल्टोपाल्टो परेकाले समस्या आएको वडा सचिवले जनकारी गराए (त्रैमासिक प्रतिवेदन- पूर्वाञ्चल)।

सिन्धुपाल्चोकमा एक वर्षमा केवल १३० घरमात्रै निर्माण सम्पन्न भएको देखियो। पहिले किस्ता बुझ्ने ६३ हजार घरधुरीले अति गरिबी, निर्माण सामग्रीको अभाव, दक्ष जनशक्ति नपाइनु जस्ता कारणहरुले गर्दा घर बनाउन अझै शुरु नगरेको पाइयो। सिन्धुपाल्चोकमा सरकारले दिने भनेको सहुलियतका काठ वितरणमा ढिलाइ भएर पनि पुनर्निर्माणको काम रोकिएको भेटियो (त्रैमासिक प्रतिवेदन- मध्यमाञ्चल)।

भूकम्पले क्षतिग्रस्त बनाएको तातोपानी नाका नखुलेपछि उक्त नाका हुँदै भारी बोकेर जीविका चलाउँदै आएका सयौं युवाहरु काम विहीन भएको पाइयो। चीन सरकारले तातोपानी नाका अत्यन्त जोखिममा रहेको भन्दै उसले रसुवगढी नाकाबाट व्यापार व्यवसाय गर्न थालेको र तातोपानी नाका भने खोल्ने कुरामात्रै हुँदै आएको छ। भूकम्पले सबैभन्दा बढी क्षति पुऱ्याएको सिन्धुपाल्चोकका युवाहरु यो नाका नखुलेपछि रोजगारीका लागि विदेशिन बाध्य भएका छन् (त्रैमासिक प्रतिवेदन- मध्यमाञ्चल)।

---

**EWER नवौं -त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिका लागि साझा अभियान (कोक्याप)- नेपालमनिटर डट ओआरजीले नेपाल मधेस फाउन्डेशन (नेमाफ), मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल), माहुरी होम, मध्य पश्चिमाञ्चल विश्वविद्यालय र सुदूरपश्चिमाञ्चलका हेमकर्ण विश्वकर्मासँगको सहकार्यमा लेखिएको हो। नेमाफका नन्दकुमार साह, मध्यपश्चिमाञ्चल विश्वविद्यालयका कमलराज लम्साल, प्याग-नेपालकी यसोदा सुब्बा र रुद्र पंगेनीको यस प्रतिवेदनमा लिखित सहयोग रहेको छ।**